नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

धर्मपथ, काठमाडौं

## नेपाल बैंक लिमिटेडको स्वामित्वमा रहेको नागरिक लगानी कोषको संस्थापक शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्वन्धी सूचना

**शिलबन्दी बोलपत्र पेशगर्ने शुरु मितिः २०७४।०५।२७**
**शिलबन्दी बोलपत्र पेशगर्ने अन्तिम मितिः २०७४।०६।२४**

नेपाल बैंक लिमिटेडको स्वामित्वमा रहेको नागरिक लगानी कोषको २,११,५१५ कित्ता संस्थापक शेयरहरु बोलकबोल प्रकृयाबाट बिक्री गर्ने यस बैंकको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीबाट प्रति कित्ता रु.३,०५०/- (अक्षरेपी तीन हजार पचास) मा नघट्ने गरि २०७४/०६/२४ भित्र प्रति कित्ता के कति दर भाउमा लिन कबुल गर्ने हो तल उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरुः**

१. यस बोलकवोल प्रकृयामा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी वाहेकका अन्य कम्पनी तथा व्यक्तिहरु सहभागी हुन सक्ने छैनन् । आवेदकको प्रबन्धपत्र नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनुपर्नेछ ।
२. बोलपत्र आवेदन फाराम बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडबाट प्राप्त गर्न सकिनेछ ।
३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ । धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।
४. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. ३,०५०/- (तीन हजार पचास) तोकिएको हुँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरी पेश गरेको आवेदनलाई बोलकबोल मूल्यांकनमा समावेश गरिने छैन ।
५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०,००० (दश हजार) कित्ता वा सो भन्दा माथि १० ले भाग जाने गरि अधिकतममा सम्पूर्ण २,११,५१५ कित्ताका लागि आवेदन दिन सकिनेछ ।
६. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आजका मिति पश्चात् नागरिक लगानी कोषबाट घोषणा हुने बोनश शेयर तथा लाभांश प्रस्तावित खरिदकर्ताहरुले प्राप्त गर्नेछन् । सूचीकरण भैनसकेका बोनश शेयरको हकमा सुचीकरण भई बैंकको हितग्राही खातामा प्राप्त भए पश्चात् नामसारी गरिनेछ ।
७. शिलबन्दी खाम बाहिर **"नागरिक लगानी कोषको संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।
८. बोलपत्रवालाले आफूले खरीद गर्न कबोल गरेको शेयरको सम्पूर्ण रकम वापत बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको Good for payment Cheque/Manager's Cheque आवेदनसाथ संलग्न गर्नुपर्नेछ ।
९. सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जादा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ ।
१०. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ ।
११. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।
१२. यस शेयरको लागि पेश गरिएको शिलवन्दी आवेदन मिति २०७४।०६।२४ गते बिहीबार अपरान्ह ३.०० बजे भित्र सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा दर्ता भई सक्नुपर्नेछ ।
१३. आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलालकहा ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण संलग्न गर्नुपर्नेछ ।
१४. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।
१५. बोलपत्र मिति २०७४।०६।२४ गते बिहीबार अपरान्ह ३.३० बजे बिक्री प्रबन्धकको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको अपरान्ह ३.३० बजे खोलिनेछ ।
१६. यस बैंकले स्वीकृत बोलपत्रवालालाई बाँडफाँड गर्ने निर्णय गरेको जानकारी सार्वजनिक सूचना प्रकाशित गरी गराइनेछ ।
१७. स्वीकृत बोलपत्रवालालाई बाँडफाँड गर्न यस बैंकले निर्णय गरेको ३ कार्य दिन देखि बाँडफाँड मा नपरेका आवेदकहरुबाट प्राप्त रकम सिद्धार्थ क्यापिटल लिमिटेडबाट चेक मार्फत फिर्ता भुक्तानी शुरु गरिने छ ।
१८. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ । शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नुपर्नेछ ।
१९. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता नहुने आवेदकले सिद्धार्थ क्यापिटल लिमिटेड, सिद्धार्थ बैंकको कुनै पनि शाखा कार्यालय वा आधिकारीक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ ।
२०. प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा रहनेछ ।

**बिक्री प्रबन्धकः**

**Siddhartha Capital Limited**
Investing happiness

पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५ फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com